

# लुम्बिनी

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र



# लुम्बिनी

गोबिन्द आचार्य

यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सेभ द चिल्ड्रेनले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ पाठ्यक्रम विकास केन्द्र



## लुम्बिनी

लुम्बिनी भगवान् गौतम बुद्ध जन्मेको ठाउँ हो । बुद्धको आमाको नाम मायादेवी हो । मायादेवी माइती देवदह जाँदै थिइन् । लुम्बिनी पुगेपछि पुष्करिणी पोखरी छेउमा उनले सिद्धार्थ गौतमलाई जन्म दिइन् । सिद्धार्थ नै पछि गएर बुद्ध बने ।







## लुम्बिनी कहाँ पर्छ ?

लुम्बिनी रुपन्देही जिल्लामा पर्छ । यो भैरहवा बजारभन्दा पश्चिममा छ ।




## लुम्बिनीमा के के छ ?

लुम्बिनीमा मायादेवीको मन्दिर छ । त्यहाँ बुद्धकालीन समयदेखिका भग्नावशेष छन् । बुद्धको जन्म स्मारक शिला छ । मूर्ति पनि छ । यसले बुद्धको जन्मदृश्य झल्काउँछ । मन्दिर वरपर बिहारका भग्नावशेष छन् ।





दक्षिणमा सानो पोखरी र पिपलको ठुलो रुख छ । मन्दिरबाहिर ढुङ्गाको खम्बा छ । सम्राट अशोकले स्थापना गरेकाले यसलाई अशोक स्तम्भ भनिन्छ । अशोक स्तम्भमा 'यही लुम्बिनीमा शाक्यमुनि बुद्धको जन्म भएको हो' लेखिएको छ ।



यो ठाउँ विश्वकै संरक्षण गर्नुपर्ने क्षेत्रहरूको सूचीमा पर्छ । यो ११ सय ५५ विघामा फैलिएको छ । उत्तरमा नयाँ लुम्बिनी गाउँ छ । दक्षिणमा मायादेवीको मन्दिर र उद्यान छ । बिचमा बिहार क्षेत्र छ ।







बिहार क्षेत्रमा विभिन्न देशले बनाएका बिहारहरू छन् । बिचमा नहर छ । नहरको एक छेउमा अखण्ड शान्ति दीप छ । नहरको १६ सय मिटरमा डुङ्गा चल्छ ।



## लुम्बिनीको महत्त्व

भगवान् बुद्धको वास्तविक नाम सिद्धार्थ गौतम हो । उनले सानैमा दरबारको सुख त्यागे । शान्तिको खोजीमा हिँडेका उनले लोभ, ईर्ष्या, घमन्ड, मोह र रिस त्यागे ।



बुद्ध विश्वलाई शान्तिको मन्त्र बाँडेर प्रख्यात भए । उनकै जन्मथलो भएकाले स्वदेश तथा विदेशबाट लुम्बिनीमा बर्सेनि थुप्रै मानिस आउँछन् ।